सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

फैसला

०७८-CR-०२३६

मुद्दाः सम्पत्ति शुद्धीकरण।

भारत देश उत्तर प्रदेश प्रान्त जिल्ला बहराइच तहसिल नानपारा ग्राम सहजनवा बस्ने रामफल पाठकको नाति चन्द्रिका प्रसाद पाठकको छोरा रभिस तथा रबिस पाठक भन्ने रबिश चन्द्र पाठक.....१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकार प्राप्त अनुसन्धान अधिकृतद्धय शाखा अधिकृत सुरज घिमिरे र प्रहरी निरीक्षक प्रदिप थापाको प्रतिवेदन तथा विशेष सरकारी वकील कार्यालय, माईतिघर, काठमाडौंको निर्णयले नेपाल सरकार .....१ — प्रत्यर्थी वादी

शुरु तहमा फैसला गर्नेः सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

सदस्य माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेती

सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय

विशेष अदालत काठमाडौं

फैसला मिति :-२०७७।१२।१७

विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. मिति २०७५।११।२२ को दिन बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं.११ पासाङ्ग ल्हामु मार्ग सडक खण्डमा भारत जिल्ला UP 32 JT 8244 नम्बरको

मोटरसाइकल जिल्ला प्रहरी कार्यालय, बाँकेबाट खटिएको प्रहरी टोलीले रोकी चेकजाँच गर्ने क्रममा भारत देश जिल्ला बहराइच थाना रुपैडीया सहजनवा बस्ने रामफल पाठकको नाति, चन्द्रिका पाठकको छोरा वर्ष ३० को रबिश चन्द्र पाठकले चलाइ पछाडि बसेका बाँके जिल्ला, नेपालगन्ज उप-महानगरपालिका वडा नं.१५ बस्ने वर्ष १२ को छोटु भन्ने नितेश तिवारी र प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठक दुबैको साथबाट कम्मर, पाइन्ट, जुता मोजामा लुकाइ राखेको रु.१,०००।- दरको ३१ गड्डि प्रति गड्डिको १००।- थानको हुने रु.३१,००,०००।-, रु.५००।- दरको को ८ गड्डि प्रति गड्डि १००।- दरको हुने रु.४,००,०००।-, फुटकर रु.१०००।- दरको १९ थानको रु.१९,०००।- र फुटकर रु.५००।- दरको ५० थानको रु.२५,०००।- गरी जम्मा रु.३५,४४,०००।- (पैंतीस लाख चौवालिस हजार) बरामद भएको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्या,य बाँके नेपालगन्जबाट खटिएका प्रहरी टोलीले खडा गरेको **खानतलासी बरामदी मुचुल्का।**

२. मिति २०७५।११।२२ को साँझ बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं.११ पासाङ्ग ल्हामु मार्ग सडक खण्डमा भारत देश जिल्ला बहराइच थाना रुपैडीया सहजनवा बस्ने वर्ष ३० को रबिश चन्द्र पाठकले चलाएको UP 32 JT 8244 नम्बरको मोटरसाईकल प्रहरीद्धारा चेकजाँचको क्रममा रोकी सोही मोटरसाईकल पछाडि बसेका बाँके जिल्ला नेपालगन्ज उप-महानगरपालिका वडा नं.१२ बस्ने वर्ष १२ को छोटु भन्ने निकेश तिवारीसमेतलाई शंका लागी तलासी गर्दा निजहरुको साथबाट नेपाली रुपैया जम्मा रु.३५,४४,०००।- (पैंतीस लाख चौवालिस हजार) नगद फेला परेको र उक्त रकम बरामद गरी बरामद गरिएको दसी सहित निजहरुलाइ पक्राउ गरी थप अनुसन्धान एवम आवश्यक कारबाहीको लागी यसै प्रतिवेदन साथ दाखिला गरेको भनी प्र.नि. दिपक मल्ल समेतको प्रहरी टोलीले **जिल्ला प्रहरी कार्यालय, बाँके, नेपालगन्जमा मिति २०७५।११।२२ मा चढाएको प्रहरी प्रतिवेदन।**

३. मिति २०७५।११।२२ को दिन बाँके जिल्ला, नेपालगन्ज उप-महानगरपालिका वडा नं.११ स्थित पासाङ्ग ल्हामु मार्गमा जिल्ला प्रहरी कार्यालय, बाँकेबाट खटिएको प्रहरी टोलीले भारत देश, जिल्ला बहराइच, थाना रुपैडिया सहजनवा बस्ने रामफल पाठकको नाति चन्द्रिका पाठकको छोरा वर्ष ३० को रबिश चन्द्र पाठकले चलाएको र पछाडि बाँके जिल्ला नेपालगन्ज उप-महानगरपालिका वडा नं.१६ बस्ने वर्ष १२ को नाबालक

छोटु भन्ने नितेश तिवारीसमेत सवार भएको UP 32 JT 8244 नम्बरको मोटरसाइकल रोकी चेक गर्दा निजहरुले कम्मरको भाग खल्ती र जुत्ताको मोजाभित्र लुकाई राखेको अवस्थामा श्रोत नखुलेको नेपाली रु.१,०००।- र रु.५००।- दरका नोट गरी जम्मा रु.३५,४४,०००।- (पैंतीस लाख चौवालिस हजार) जाँच गर्ने क्रममा फेला पारी बरामद गरी निजहरुलाई समेत नियन्त्रणमा लिई यस कार्यालयमा दाखिला गरेकोले छोटु भन्ने नितेश तिवारी नाबालक देखिएकोले निजलाई आवश्यक परे उपस्थित गराउने गरी निजको अभिवाभकको जिम्मा छाडिएको, बरामद UP 32 JT 8244 नम्बरको मोटरसाईकल जिल्ला प्रहरी कार्यालय, बाँकेको नियन्त्रणमा राखी सुरक्षित रहेको र निज रबिश चन्द्र पाठकलाई बरामद नगद रु.३५,४४,०००।- सहित सम्पत्ति शुद्धीकरण ऐन, २०६४ अनुसार कारबाहीको पत्रसाथ संलग्न रहेका कागजात सहित पठाईएको भन्ने जिल्ला प्रहरी कार्यालय बाँकेको प.स.२०७५/७६ च.नं.४५९९ **मिति २०७५।११।२३ को उजुरी पत्र।**

४. म १५/२० दिनदेखि मासिक रु.१०,०००।- पाउने गरी धिरज तिवारीको नेपालगन्ज जमुनाहा स्थित किराना पसलमा काम गर्दै आएको छु। धिरज तिवारीसँग एक/डेढ वर्ष पहिला देखि चिनजान थियो। म आफ्नो भारत स्थित घर देखि नै दैनिक आवतजावत गरी पसलमा काम गर्ने गर्दथे। उक्त बरामद भएको रकम मलाई मेरो साहुले दिएको हो। त्यो मेरो पैसा होइन। मलाई नेपालगन्ज स्थित पासाङ्ग ल्हामु मार्गमा प्रहरीले चेकजाँचका क्रममा मिति २०७५।११।२२ का दिन पक्राउ गरेको हो। जमुनाहबाट हामी हिड्दा साहुले दिएको नगद रु.३५,४४,०००।-(पैंतीस लाख चवालीस हजार) छ भन्ने कुरा थाहा थियो तर उक्त रकम बोकी हिड्ने क्रममा निकेश र मेरो साथमा के-कति रकम रहेको छ भन्ने कुरा थाहा थिएन। चेकजाँचका क्रममा प्रहरीले रकम बरामद गरी गणना गर्ने क्रममा आफुसँग बरामद भएको रकम रु.१६,४४,००००।- (सोह्र लाख चवालिस हजार) रहेको कुरा थाहा पाएँ। बाँकी १९ लाख रकम निकेश तिवारीसँग रहेछ। तिमीहरु पैसा लिएर नेपालगन्ज स्थित त्रिभुवन चोक आसपासमा जानु म त्यहीं भेट्नेछु भनी साहु धिरज तिवारीले भनेबमोजिम हामी गएका थियौं। उक्त रकम निज साहुले कहाँबाट ल्याएका हुन, को-कसलाई के-बापत दिन भनी हामीलाई बोकाइ पठाएका हुन भन्ने बारेमा मलाई थाहा भएन। उक्त दिन मेरो मोटरसाइकल पंचर भएकाले मैले आवतजात गर्न मेरो साथी भारतीय नागरिक विपिनको मोटरसाइकल रुपेडियाबाट लिएको

थिएँ। उक्त UP 32 JT 8244 नम्बरको मोटरसाइकल मैले नै चलाई हिंडिरहेको अवस्थामा चेकजाँच हुँदा रकम सहित पक्राउ परेको ठिक साँचो हो। घटनास्थलमा म पक्राउ परेपछि रकमको श्रोतको बारेमा मलाई यकिन नभएपछि मैले साहुजी धिरज तिवारीलाई फोन गरी बोलाएँ तर वहाँ हालसम्म पनि सम्पर्कमा आउनुभएको छैन। उक्त रकम मैले नेपालमा कुनै पेशा, व्यापार व्यवसाय गरी आर्जन गरेको रकम होइन। उक्त रकम मेरो साहुको हो भन्ने व्यहोराको **प्रतिवादी रबिश चन्द्र पाठकले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।**

५. उजुरी प्रतिवेदन, खानतलासी तथा बरामदी मुचुल्का र जाँचबुझको क्रममा भएको बयानसमेतको आधारमा प्रतिवादी रबिश चन्द्र पाठकको नेपालमा कुनै पनि व्यापार व्यवसाय रहे भएको नदेखिनु, निजको साथबाट बरामद भएको रकम दिनुपर्ने भनिएको व्यक्तिको नाम, थर ठेगाना र सम्पर्क नम्बर खुलाउन नसक्नु, यी आरोपीलाई रकम दिई पठाउने भनिएका व्यक्ति धिरज तिवारी भएको कुरा निज कै बयानबाट खुल्न आएतापनि निज हालसम्म उक्त रकम मेरो हो भनी दाबी गर्न नआउनु र साथमा नाबालक छोटु भन्ने नितेश तिवारीसमेतलाई मोटरसाइकल पछाडि राखी बरामद गरिएको रकम बोक्न लगाउनु समेतका तथ्यगत आधारबाट बरामद गरिएको रकम उपर थप अनुसन्धान गर्नुपर्ने देखिएकोले उक्त रकम सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) सँग सम्बन्धित अनुसुचिको सम्बद्ध कसुरको खण्ड १ को (भ) मा उल्लिखित कसुर गरेको देखिँदा प्रस्तुत उजुरी उपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १५ को उपदफा (१) बमोजिम अनुसन्धान हुन उपयुक्त देखिएको भन्नेसमेत व्यहोराको **मिति २०७५।१२।१८ को सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पेश गरिएको प्रारम्भिक जाँचबुझ प्रतिवेदन।**

६. मैले रबिश चन्द्र पाठकलाई बिगत ४/५ महिना पहिलादेखि मेरो बाबु उमाशंकर तिवारीको नेपालगन्ज जमुनाहा भन्सार कार्यालय नजिक रहेको सानो किराना पसलमा आउने जाने क्रममा चिनेको हुँ। निजसंग मेरो कुनै नाता सम्बन्ध छैन। मिति २०७५।११।२२ का दिन प्रहरीले रबिश चन्द्र पाठक र मसमेत बाट बरामद भएको नेपाली रकम रु.३५,४४०००।- को कस्को हो र कसलाई दिनको लागि लगेको हो मलाई केही थाहा छैन। उक्त रकम मलाई रबिश चन्द्र पाठकले जमुनाहाको नेपालको सिमानाबाट बोक्न लगाएका हुन। नेपालगन्जतर्फ जाने क्रममा बरामदी मुचुल्कामा

उल्लेख भएको भारतिय नम्वर प्लेट भएको मोटरसाईकल र नगद नेपाली रु.३५,४४०००।- मिति २०७५।११।२२ को साँझ बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं. ११ स्थित पासाङ्ग ल्हामु मार्ग सडक खण्डमा प्रहरीले बरामद गरेको हो। उक्त रकम बोके बापत मैले के-कति रकम पाउथे त्यो पनि मलाई थाहा छैन। मलाई मेरो साथमा पैसा राखी मोटरसाईकल पछाडि बस भनी रबिश चन्द्र पाठकले भनेको हो र म बसेको हुँ। मेरो साथमा के-कति रकम राखिदिएका थिए त्यो पनी मलाई थाहा भएन। धिरज तिवारी मेरो सहोदर जेठो दाइ हुन। उक्त बरामद रकम दाई धिरज को हो वा होईन सो बारेमा मलाई थाहा भएन भन्ने व्यहोराको **बाल बिज्याँइकर्ता छोटु भन्ने नितेश तिवारीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।**

७. बरामद गरिएको रकमका धनी भनिएका धिरज तिवारीको सम्बन्धमा उपस्थित गराईदिन भनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मिति २०७६।१।२५ मा जिल्ला प्रहरी कार्यालय अपराध अनुसनधान तथा कारबाही शाखा, बाँकेलाई पत्र लेखी पठाईएकोमा आफ्नो कार्यालय तथा मातहतसमेतको वडा एरियामा खोजतलास गर्दा फेला नपरेको, निज भारततर्फ गएको भन्ने बुझिन आएको छ। साथै यस कार्यालय तथा मातहतसमेतको वडा एरियामा फेला परेमा उपस्थित गराईने छ भन्ने व्यहोराको **मिति २०७६।१।२६ मा जिल्ला प्रहरी कार्यालयम, बाँकेबाट प्राप्त पत्र।**

८. बरामद गरिएको भारतीय UP 32 JT 8244 नम्बरको मोटरसाईकलका धनी भनिएका भारतीय नागरिक विपिनलाई उपस्थित गराईदिन भनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मिति २०७६।१।२५ मा जिल्ला प्रहरी कार्यालय अपराध अनुसनधान तथा कारबाही शाखा, बाँकेलाई पत्र लेखी पठाईएकोमा उक्त कार्यालयबाट आफ्नो कार्यालय तथा मातहत समेतमा खोजतलास गर्दा फेला नपरेको साथै निज भारतीय नागरिक रहेकोले यस कार्यालय तथा मातहत समेतको वडा एरियामा फेला परेमा उपस्थित गराईने भन्ने व्यहोराको बरामद गरिएको भारतीय UP 32 JT 8244 नम्बरको मोटरसाईकलका धनी भनिएका भारतीय नागरिक विपिनको सम्बन्धमा **मिति २०७६।१।२६ को जिल्ला प्रहरी कार्यालय, बाँकेबाट प्राप्त पत्र।**

९. प्रतिवादीहरु रभिस तथा रबिश चन्द्र पाठक भन्ने रबिश चन्द्र पाठक, नाबालक छोटु भन्ने नितेश तिवारी र धिरज तिवारीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसुरमा सोही ऐन बमोजिम सजायको मागदाबी लिई निजहरु उपर

मुद्दा चलाउने गरी विभाग समक्ष पेश भएको **मिति २०७६।१।२० को राय सहितको अनुसन्धान अधिकृतहरुको अनुसन्धान प्रतिवेदन।**

१०. प्रतिवादी छोटु भन्ने नितेश तिवारी र प्रतिवादी रबिश चन्द्र पाठक दुबैको साथबाट गरी जम्मा रु.३५,४४,०००।- (पैतिस लाख चवालीस हजार) बरामद हुन आएकोले प्रतिवादीहरु छोटु भन्ने नितेश तिवारी र रबिश चन्द्र पाठकले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २(श) सँग सम्बन्धित अनुसूचि-१ को देहाय (भ) बमोजिमको सम्बद्ध कसुर तथा सोही ऐनको दफा ३(१) को देहाय (क), (ख) र (ग) बमोजिमको निषेधित कार्य गरे गराए उपर सोही ऐनको दफा ३ को उपदफा (१) र (३) बमोजिमको कसुर गरेको र ऐ. दफा २८(१) बमोजिम प्रतिवादीले बरामद सम्पत्तिको श्रोत प्रमाणित गर्न नसकेकोसमेतका आधार र कारणहरुबाट प्रतिवादीहरु रबिश चन्द्र पाठक भन्ने रबिश चन्द्र पाठक र प्रतिवादी छोटु भन्ने नितेश तिवारीबाट बरामद भएको श्रोत नखुलेको जम्मा रु.३५,४४,०००।- (पैतिस लाख चवालीस हजार) लाई विगो कायम गरी निजहरुलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय गरी बरामद भएको नगद रुपैयाँ र मोटरसाइकल जफत गरी पाउँ। साथै, प्रतिवादी नितेश तिवारी १२ वर्षको नाबालक भएको देखिँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(२) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२) बमोजिम तथा फरार प्रतिवादी धिरज तिवारीको आय श्रोत र आर्थिक अवस्थाको तुलनामा बरामद भएको रकम अस्वभाविक देखिएको तथा उक्त रकम के-कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने प्रमाण पेश गर्न नसकेको आधार र कारणबाट एवम सह-अभियुक्तको पोलयुक्त बयान व्यहोरासमेतबाट निजको उक्त कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २(श) सँग सम्बन्धित अनुसूचि-१ को देहाय (भ) बमोजिमको सम्बद्ध कसुर तथा सोही ऐनको दफा ३(१) को देहाय (क), (ख) र (ग) बमोजिमको निषेधित कार्य भएको हुँदा सोही ऐनको दफा ३ को उपदफा (१) र (३) बमोजिमको कसुर गरेको र ऐ. दफा २८(१) बमोजिम प्रतिवादीले सम्पत्तिको श्रोत प्रमाणित गर्न नसकेकोसमेतका आधारमा प्रतिवादी धिरज तिवारी उपर बरामद हुन आएको रकम रु.३५,४४,०००।- लाई विगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ को दफा ३०(१) बमोजिम सजाय गरी पाउँ भन्ने व्यहोराको **मिति २०७६।२।५ को अभियोग मागदाबी।**

११. धिरज तिवारीले भारतीय नम्बरको मोटरसाइकलमा म र संगै गएका छोटु भन्ने नितेश तिवारीलाई रु.३५,४४,०००।- नेपाली रुपैंया दिई निजको पसलबाट नेपालगन्ज स्थित त्रिभुवन चोकमा एकजना मानिस आउँछ, त्यसलाई रकम दिने हो रुपैयाँ लिएर हिंड म पछिपछि आउँछु भनेकोले मैले सो रकम लिई नेपालगन्ज स्थित त्रिभुवन चोकमा हिंडेको बेलामा पासाङ्ग ल्यामु मार्गमा प्रहरीले पक्राउ गरी रकम बरामद गरेको हो। उक्त रकम मेरो होइन। धिरज तिवारीले कहाँबाट ल्याएका हुन मलाई थाहा भएन। नितेश तिवारीलाई पनि पैसा लिएर हिडेको थाहा थियो। निजले रु.१५ लाख जति समातेका थिए। दुबैको मिलाउँदा रु.३५,४४,०००।- हो। वरामदी भारतीय नम्बर प्लेटको UP32 JT8244 नं को मोटरसाइकल विपिनको हो। निजको घर भारत रुपैडिया हो। थर र फोन नम्बर थाहा भएन भन्नेसमेत व्यहोराको **प्रतिवादी रभिस भन्ने रबिश चन्द्र पाठकले विशेष अदालत समक्ष गरेको बयान।**

१२. मिति २०७५।११।२२ को बरामदी मुचुल्कामा भएको व्यहोरा ठिक हो। सहिछाप मेरो हो। मबाट बरामद भएको नेपाली उन्नाइस लाख रुपैयाँ हो। उक्त रकम मलाई प्रतिवादी रबिश चन्द्र पाठकले दिएका हुन। उक्त रकम कहाँ लैजाने भन्ने बारेमा मलाई निजले केही भनेका थिएनन। मोटरसाइकलको नम्बर र मालिक को हुन मलाई थाहा छैन। मैले सम्पत्ति शुद्धीकरण ऐन बमोजिमको कसुर गरेको छैन। रबिश चन्द्र पाठकले बोकाएको झोलामा पैसा थियो भने मलाई पहिला थाहा भएको भए बोक्ने नै थिइन। पछि मात्र थाहा पाएको हो भन्नेसमेत व्यहोराको **प्रतिवादी छोटु भन्ने नितेश तिवारीले विशेष अदालत समक्ष गरेको बयान।**

१३. विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(२)(ख) बमोजिम प्रतिवादी रबिश चन्द्र पाठकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी र प्रतिवादी छोटु भन्ने नितेश तिवारी १२ वर्षको नाबालक रहेको देखिँदा निजको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२), बालबालिका सम्वन्धी ऐन,२०७५ को दफा २४ र ३६(२) समेतका कानुनी प्रावधानको परिप्रेक्ष्यमा अदालतबाट खोजी भएका बखत उपस्थित गराउने शर्त सहितको कागज गराई निज प्रतिवादीको बाबुको जिम्मा लगाईदिनु भन्नेसमेत व्यहोराको **मिति २०७६।२।६ को विशेष अदालतको आदेश।**

१४. प्रतिवादी धिरज तिवारीका नाममा विशेष अदालतबाट बाँके जिल्ला नेपालगन्ज उप-महानगरपालिका वडा नं.१५ को वतनमा म्याद जारी भएकोमा मिति २०७६।३।९ मा निज आफैले उक्त म्याद बुझी लिई म्यादमा हाजिर नभई शुरु म्याद गुजारी बसेको।

१५. रबिश चन्द्र पाठक धिरज तिवारीको पसलमा काम गर्ने मानिस हो। पैसा धिरज तिवारीले रबिश चन्द्र पाठक र नितेश तिवारीलाई त्रिभुवन चोकसम्म पुऱ्याईदिनुस भनेर पठाउनु भएको हो। रविशचन्द्र पाठकले मालिक धिरज तिवारीले भनेको काम गरेको हो। आरोप दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको **प्रतिवादी रबिश चन्द्र पाठकको साक्षी धर्मेन्द्र कुमार बर्माले विशेष अदालत समक्ष गरेको बकपत्र।**

१६. प्रतिवादी धिरज तिवारीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ को दफा ३ को उपदफा (१) अनुसारको निषेधित कार्य गरी उपदफा (३) अनुसारको कसुर गरेकोमा ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम निजलाई बरामद बिगोको दोब्बर हुने रु.७०,८८,०००।- (सत्तरी लाख अठासी हजार रुपैंया) जरिवाना र तजबीजी ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ। सह-प्रतिवादी प्रतिवादी रविशचन्द्र पाठकले प्रतिवादी धिरज तिवारीलाई कसुर गर्न मद्दत गरी मतियारको भूमिका निर्वाह गरेको देखिएकोले निज प्रतिवादी रबिश चन्द्र पाठक भन्ने रबिश चन्द्र पाठकलाई ऐ. ऐनको दफा ३० को उपदफा (२) अनुसार कसुर गर्ने व्यक्तिलाई भएको सजायको आधा हुने १ (एक) वर्ष ६ (छ) महिना कैद र रु.३५,४४,०००।- (पैतिस लाख चौवालिस हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। प्रतिवादी रबिश चन्द्र पाठक समेतबाट बरामद भएको रु.३५,४४,०००।- (पैतिस लाख चौवालिस हजार) र उक्त कसुरमा प्रयोग भई आरोपपत्रसाथ पेश भएको UP 32 JT8244 नम्बरको मोटरसाइकल जफतसमेत हुने ठहर्छ। प्रतिवादी छोटु भन्ने नितेश तिवारीको हकमा ऐ. दफा ३ को उपदफा (२) अनुसारको मतियारको कसुर गरेको देखिई ऐ. दफा ३० को उपदफा (२) बमोजिम प्रतिवादी रविशचन्द्र पाठक सरह कै सजाय हुने देखिएकोमा निज १२ वर्षको नाबालक रहेको देखिएको र गम्भीर कसुरको मतियार रहेको देखिँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (२) बमोजिम २(दुई) महिना कैद गर्नुपर्ने देखिएकोमा निजको उमेर, परिपक्वताको स्थिति, स्कुल अध्ययन गरिरहेको अवस्थासमेतका पक्षलाई विचार गर्दा, बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ३६ को उपदफा (५) बमोजिम छोटु भन्ने नितेश

तिवारीको हकमा उक्त कैद सजायलाई स्थगन गरिदिएको छ भन्नेसमेत व्यहोराको **मिति २०७७।१२।१७ को विशेष अदालत काठमाडौंको फैसला।**

१७. विशेष अदालत काठमाडौंले फैसला गर्दा मेरा साहु धिरज तिवारीलाई मुख्य कसुरदार कायम गरी मलाई मतियार कायम गरी १ वर्ष ६ महिना कैद सजाय र रु.३५,४४,०००।- (पैंतीस लाख चवालीस हजार रुपैंया) ठहर गरेको अवस्था छ। उक्त रकम मलाई साहुले भनेकोले मैले बोकेको मात्र हो। साहुले आदेश दिएबमोजिम आफ्नो साथमा रकम लिएर हिड्दैमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) अनुसारको कसुर कायम हुने होईन। उक्त रकम मेरो नभएको भनी मेरा साक्षीले शुरु अदालत समक्ष गरेको बकपत्रसमेतबाट पुष्टि हुन आउँछ। शुरु अदालतले मेरा साहु धिरज तिवारीलाई ऐ. ऐनको उपदफा (१) को कसुर गरेको भनी कसुरदार कायम गरेको छ। प्राप्त भएको रकम मेरा साहु धिरज तिवारीको भएको भनी ठहर गर्दै निजले नै ऐ. ऐनको उपदफा (१) मा उल्लिखित कार्यहरु गरेको भनी निणर्य गरेको छ। ऐ. ऐनको उपदफा (२) मा उल्लेख भएबमोजिमको कुनै कार्य गरी मैले मेरा साहुलाई उपरोक्त उपदफा (१) मा उल्लेख भएबमोजिमको कार्य सम्पादनमा मेरो समेत सहभागितालाई भएको हुनुपर्छ भनि उपदफा (२) को उद्देश्य रहेको छ। उक्त फैसलामा उल्लेख गरेअनुसार मैले केही पनि गरेको छैन। साहुले अह्राए बमोजिम रकम साथमा लिएर नेपालगन्ज स्थित त्रिभुवन चोक आसपासमा गएको सम्म हो। साहुले अहाएको काम गर्नु मेरो जिम्मेवारी भएको अवस्थामा उपदफा (२) बमोजिमको कसुरमा मलाई कसुरदार कायम गर्न मिल्दैन। कुनै पनि आपराधिक कार्य हुनका लागि अपराधिक कार्य (actus reus) र अपराधिक मन (mens rea) दुबै तत्वका विद्यमानता अनिवार्य हुनुपर्दछ। यी दुबैमध्ये कुनै पनि तत्व मैले सम्पादन गरेको सम्पूर्ण कार्यमा कही कतै विद्यमान रहेको अवस्था छैन। साहुले दिई पठाएको रुपैया के-कस्तो श्रोतबाट प्राप्त रुपैंया हो, के-कुन प्रयोजनमा प्रयोग गर्ने हुने हो भन्ने मलाई थाहा हुने कुरा भएन। अभियोगदाबी कै आधारमा कसुर कायम हुने होईन। उक्त कुरा मिसिल संलग्न भौतिक प्रमाणहरुबाट पुष्टि पनि हुनुपर्दछ। उक्त रकम मेरो नभएको र मैले साहुले अह्राएको काम मात्र गरेको अवस्थामा मसमेतलाई मतियार कायम गरी कैद र जरिवाना ठहर गरेको विशेष अदालत काठमाडौंको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी अभियोग

मागदावीबाट पूर्ण रुपमा सफाई दिलाई पाउँ भन्ने व्यहोराको **प्रतिवादी रविशचन्द्र पाठकले यस अदालतमा पेश गरेको पुनरावेदनपत्र।**

१८. यसमा यी पुनरावेदक प्रतिवादी अर्का प्रतिवादी धिरज तिवारीको पसलमा काम गर्ने कामदार भएको तथा बरामद भएको रकम पसलको साहुले आदेश दिएबमोजिम निजले लुकाई हिंडेको भन्ने मिसिलबाट देखिन आएको र यी पुनरावेदक प्रतिवादीलाई उक्त रकम साहुले गैरकानुनी श्रोतबाट आर्जन गरी लुकाउने वा छल्ने उद्देश्यले बोकाई पठाएको हो भन्ने थाहा जानकारी पाउन सक्ने अवस्थासमेत नदेखिएकोमा यी प्रतिवादी उपरसमेत कसुर ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०७७।१२।१७ को फैसला सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को व्याख्याको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रत्यर्थी वादी नेपाल सरकारको हकमा महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सुचना दिई नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको **मिति २०८०।५।६ को यस अदालतको आदेश।**

ठहर खण्ड

१९. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरुको अध्ययन गरी प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री शान्ति न्यौपानेले यी प्रतिवादीले चलाएको UP 32 JT 8244 नम्बरको भारतीय मोटरसाइकलमा नाबालक नितेश तिवारीलाई पछाडि राखेको अवस्थामा निजहरुको साथबाट रु.३५,४४,०००।- बरामद भएको, बरामद भएको रकमको वैधानिक श्रोत देखाई पुष्टि गर्न नसकेको हुँदा विशेष अदालत काठमाडौंले कसुरदार ठहऱ्याई सजाय गरेको फैसला सदर गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

२०. प्रतिवादी छोटु भन्ने नितेश तिवारी र प्रतिवादी रबिश चन्द्र पाठक दुबैको साथबाट जम्मा रु.३५,४४,०००।- बरामद हुन आएकोले प्रतिवादीहरु छोटु भन्ने नितेश तिवारी र रबिश चन्द्र पाठकले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २(श) सँग सम्बन्धित अनुसूची-१ को देहाय (भ) बमोजिमको सम्बद्ध कसुर तथा सोही ऐनको दफा ३(१) को देहाय (क), (ख) र (ग) बमोजिमको निषेधित कार्य गरे गराए उपर सोही ऐनको दफा ३ को उपदफा (१) र (३) बमोजिमको कसुर गरेको र ऐ. दफा २८(१) बमोजिम प्रतिवादीले बरामद सम्पत्तिको श्रोत प्रमाणित गर्न नसकेको समेतका

आधार र कारणहरुबाट प्रतिवादीहरु रबिश चन्द्र पाठक भन्ने रबिश चन्द्र पाठक र प्रतिवादी छोटु भन्ने नितेश तिवारीबाट बरामद भएको श्रोत नखुलेको रकम रु.३५,४४,०००।- लाई विगो कायम गरी निजहरुलाई ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय गरी बरामद भएको नगद रुपैयाँ र मोटरसाइकल जफत गरी पाउँ। साथै, प्रतिवादी नितेश तिवारी १२ वर्षको नाबालक भएको देखिँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(२) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२) बमोजिम सजाय गरी पाउँ। प्रतिवादी धिरज तिवारी कसुरमा संलग्न रही मौकामा फरार रहेकोले निजको हकमा समेत सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २(श) सँग सम्बन्धित अनुसूची-१ को देहाय (भ) बमोजिमको सम्बद्ध कसुर तथा सोही ऐनको दफा ३(१) को देहाय (क) (ख) र (ग) बमोजिमको निषेधित कार्य भएको हुँदा सोही ऐनको दफा ३ को उपदफा (१) र (३) बमोजिमको कसुर गरेको र सोही ऐनको दफा २८(१) बमोजिम प्रतिवादीले सम्पत्तिको श्रोत प्रमाणित गर्न नसकेको समेतका आधारमा प्रतिवादी उपर बरामद हुन आएको रकम रु.३५,४४,०००।- लाई विगो कायम गरी ऐ. ऐनको दफा ३०(१) बमोजिम सजाय गरी पाउँ भन्ने व्यहोराको अभियोग मागदावी रहेको देखिन्छ। विशेष अदालत काठमाडौंले मिति २०७७।१२।१७ मा प्रतिवादी धिरज तिवारीलाई रु.७०,८८,०००।- जरिवाना र ३ वर्ष कैद सजाय, प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकलाई मतियार कायम गरी निजको साथबाट बरामद भएका मोटरसाइकल रकम रु.३५,४४,०००।- बरामद गरी रु.३५,४४,०००।- जरिवाना र १ वर्ष ६ महिना कैद सजाय र नाबालक नितेश तिवारीलाई २ महिना कैद स्थगन हुने ठहऱ्याई फैसला गरेको देखिन्छ। उक्त फैसलामा चित्त नबुझाई विशेष अदालतको फैसला उल्टी गरी अभियोग मागदावीबाट सफाई पाउँ भनि प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकको तर्फबाट यस अदालतमा पुनरावेदन परेको देखियो।

२१. प्रस्तुत मुद्दामा मुख्य अभियुक्त प्रतिवादी धिरज तिवारीलाई विशेष अदालत काठमाडौंले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) बमोजिमको निषेधित कार्य गरी उपदफा (३) बमोजिमको कसुर गरेकोले उक्त ऐनको दफा ३० को उपदफा (१) बमोजिम रु.७०,८८,०००।- जरिवाना र ३ वर्ष कैद सजाय ठहरेकोमा यी प्रतिवादी फरार नै रहेको देखिन्छ। बालबिज्याईकर्ता नितेश तिवारीलाई २

महिना कैद गरी उक्त कैद स्थगन गरेको फैसला उपर निजको तर्फबाट यस अदालतमा पुनरावेदन परेको नदेखिँदा सो तर्फ थप विवेचना गरिरहनु परेन। प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकलाई विशेष अदालत काठमाडौंले *मतियारको रुपमा* कसुरदार ठहर गरे उपर निजको पुनरावेदन परी प्रस्तुत मुद्दा इजलास समक्ष पेश हुन आएको देखिन्छ।

२२. उल्लिखित तथ्य, कागजात एवम प्रमाणहरुको अध्ययन गरी प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ताको बहस जिकिरसमेत सुनी देहायका सम्बन्धमा निर्णय दिनुपर्ने देखियोः

क) प्रतिवादी रविश भन्ने रविशचन्द्र पाठकको सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुरमा संलग्नता रहेको छ छैन?

ख) विशेष अदालत काठमाडौंको मिति २०७७।१२।१७ को फैसला मिलेको छ वा छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन?

२३. निर्णयतर्फ विचार गर्दा, मिति २०७५।११।१२ मा बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं.११ स्थित पासाङ ल्हामु मार्गमा प्रहरी कार्यालय, बाँकेबाट खटिएको प्रहरी टोलीले प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकले चलाएको UP 32 JT 8244 नम्बरको विदेशी मोटरसाइकल र सो को पछाडि बसेको नाबालक नितेश तिवारीलाई नियन्त्रणमा लिई चेक गर्दा निजहरुको साथबाट जम्मा नेपाली रकम रु.३५,४४,०००।- बरामद भएको देखिन्छ। उक्त बरामद भएको रकमको बैधानिक श्रोत देखाई पुष्टि गर्न नसकेको कारणबाट प्रतिवादीहरु उपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) को देहाय (क), (ख) र (ग) बमोजिमको निषेधित कार्य गरी ऐ. को उपदफा (१) र (३) बमोजिमको कसुर गरेकोले ऐ. को दफा २८(१) समेतको अवस्था देखिएको हुँदा ऐ. को दफा ३० को उपदफा (१) बमोजिम सजाय मागदानी लिई प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

२४. अब पहिलो प्रश्न अर्थात प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकको सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुरमा संलग्नता रहेको छ छैन भन्ने विषयको निर्क्योल गर्नु अघि सम्पत्ति शुद्धीकरण भनेको के हो? के-कस्ता कार्यहरुलाई सम्पत्ति शुद्धीकरणको कसुर अन्तर्गत राखिएको छ? सम्पत्ति शुद्धिकरणका चरणहरु के-के हुन? सम्पत्ति शुद्धीकरणको सम्बन्धमा नेपाल कुन कुन अन्तराष्ट्रिय सन्धिहरुको पक्ष राष्ट्र रहेको छ? नेपालको सन्दर्भमा सम्पत्ति

शुद्धीकरण सम्बन्धी के-कस्ता कानुनी व्यवस्था रहेका छन? भन्ने प्रश्नहरुमा विवेचना गर्नुपर्ने देखिन आयो।

२५. सामान्यतया कसुरबाट आर्जित सम्पत्ति (proceeds of crime) लाई वैध सम्पत्तिको रुपमा रुपान्तरण गर्ने प्रक्रिया नै सम्पत्ति शुद्धीकरण हो। कतिपय कसुरहरुमा खास कसुरका अतिरिक्त कसुरबाट आर्जित सम्पत्ति (proceeds of crime) गरेको विषय पनि जोडिएको पाइन्छ। यस्ता मूल कसुर सम्बन्धित कानुन बमोजिम अनुसन्धान र अभियोजन योग्य हुन्छन तर मूल कसुरबाट आर्जित गैरकानुनी सम्पत्तिको हकमा सम्बन्धित कानुन मौन रहने भएकाले सम्पत्ति शुद्दिकरण निवारण कानुन (anti-money laundering law) को उदभव र विकास भएको पाइन्छ। संयुक्त राष्ट्र सघंको बहुउदेशीय संगठित अपराध विरुद्धको महासन्धि २००० (United Nations Convention Against Transnational Organized Crime, 2000) को दफा ६(१)(क) अनुसार मनी लाउन्डरिङ्ग भन्नाले[१] ***सम्पत्तिको गैरकानुनी उत्पत्ति लुकाउने वा लुकाउने उद्देश्यले वा अपराधमा संलग्न व्यक्तिलाई कानुनी नतिजाबाट बच्न मद्दत गर्ने उद्देश्यले त्यस्तो सम्पत्ति अपराधको आय हो भन्ने जानीजानी सम्पत्तिको सम्बन्धमा वास्तविक प्रकृति, श्रोत, स्थान, स्वभाव, आवागमन वा स्वामित्व वा अधिकारहरु लुकाउने वा अपराधमा संलग्न व्यक्तिहरुको सम्पत्तिको श्रोत लुकाउन सहयोग गर्ने कार्य*** भनी उल्लेख गरेको पाइन्छ। त्यस्तै सम्पत्ति शुद्धीकरणको कसुरमा गैरकानुनी वा आपराधिक क्रियाकलापबाट आर्जित सम्पत्तिलाई विभिन्न क्रियाकलापहरुको माध्यम मार्फत वैध सम्पत्तिमा रुपान्तरण गरी अर्थतन्त्रका औपचारिक माध्यमहरुमा समाहित गर्ने गरिन्छ। सम्पत्ति शुद्धीकरण प्राविधिक रुपले परिभाषित कसुर भएको र यसलाई दोश्रो चरणको कसुर भनी व्याख्या समेत गरिन्छ। **सामान्यतः सम्पत्ति शुद्धीकरणको कसुर हुनका लागि सम्बद्ध कसुर (predicate offences) र त्यस्तो कसुरबाट प्राप्त सम्पत्तिको विद्यमानता हुनु आवश्यक मानिन्छ। सम्बद्ध कसुरबाट प्राप्त सम्पत्तिको वास्तविक प्रकृति, आयश्रोत, स्थान, हस्तान्तरण, गति र त्यसमाथिको अधिकार वा स्वामित्वलाई सो सम्पत्ति आपराधिक कार्यबाट प्राप्त भएको होइन भनी उक्त सम्पत्तिलाई वैध देखाउन (appear to be legitimate) गरिने कार्य नै सम्पत्ति शुद्धीकरणको कसुर हो। अपराधबाट सिर्जित सम्पत्तिलाई**

[१] The conversion or transfer of property, knowing that such property is the proceeds of crime, for the purpose of concealing or disguising the illicit origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action; or the concealment or disguise of the true nature, source, location, disposition, movement or ownership of or rights with respect to property, knowing that such property is the proceeds of crime.

वैध गराउने कार्यले अपराधिक क्रियाकलापलाई प्रोत्साहन गर्ने र वैध गराइएको सम्पत्तिले अर्थतन्त्रमा क्रमबद्द असर (ripple effects) पुऱ्याउने भएकाले सम्पत्ति शुद्वीकरणको कसुरलाई गम्भिर प्रकृतिको कसुरका रुपमा लिइन्छ। के-कस्तो कसुरहरु सम्बद्व कसुरभित्र पर्दछन भन्ने सन्दर्भमा सम्बन्धित राष्ट्रको सम्पत्ति शुद्वीकरण निवारणको लागि बनेको ऐनमा नै परिभाषित गरिएको पाइन्छन। समग्रमा मूल कसुरबाट आर्जित सम्पत्तिको प्राप्ति, प्रयोग र नियन्त्रण गर्ने, त्यस्तो सम्पत्तिलाई लुकाउने वा सो सम्पत्तिको व्यवस्थापन गर्न गरिने कार्यलाई सम्पत्ति शुद्वीकरणको कसुर भनी मान्ने गरेको पाइन्छ।

२६. कसुरबाट प्राप्त गैरकानुनी सम्पत्तिलाई विभिन्न चरणहरुमा वर्गीकरण गरी विभिन्न प्रक्रिया मार्फत शुद्वीकरण गर्ने गरिन्छ। सम्पत्ति शुद्वीकरणका प्रक्रियाहरुलाई पहिलो चरणमा **रकम राख्ने (placement)** अर्थात सम्पत्ति शुद्वीकरण कर्ताले गैरकानुनी तथा अवैध रुपमा कसुरबाट प्राप्त सम्पत्तिलाई कुनै पनि बैंक तथा वित्तिय संस्थामा जम्मा गर्ने कार्य गर्दछ। यस चरणमा शुद्वीकरण गर्ने व्यक्तिले ठुलो रकमलाई सानो सानो रकममा खण्डीकरण गरी विभिन्न बैंक तथा वित्तिय संस्थामा जम्मा गर्ने र झिक्ने कार्य गर्न सक्दछ। यस अवस्थामा शुद्वीकरण गर्ने व्यक्तिको मनसाय शुद्वीकरण गर्नुपर्ने रकम एक स्थानबाट अर्को स्थानमा पुऱ्याउनु भन्ने मानिन्छ। दोश्रो चरणमा **रकमको तहकीकरण गर्ने (layering)** अर्थात सम्पत्ति शुद्वीकरणको दोश्रो चरणमा सम्पत्ति शुद्वीकरण कर्ताले कसुरबाट प्राप्त सम्पत्तिलाई विभिन्न वित्तिय कारोबार गर्दै बहुचक्रिय वित्तिय कारोबारमा परिणत गर्दछ। शुद्वीकरण कर्ताले शेयर, डिबेन्चर, चल अचल सम्पत्तिको खरिद, बिक्री गर्ने, अस्पताल, मन्दिरहरु बनाउने वा चन्दा दिने, देशभित्र वा बाहिर रहेका आफन्तहरुको नाममा रकम स्थानान्तरण गर्ने जस्ता कार्यहरु देखाएर अवैध रकमको तहकीकरण गर्दछ। तेस्रो चरणमा **सम्पत्तिको एकीकृत (integration)** अर्थात शुद्वीकरणकर्ताले भिन्न व्यक्ति वा स्थानमा भएको रकमलाई एकीकृत वा वैधानिक क्षेत्रमा प्रवाह गर्ने कार्य गर्दछ। यो चरणमा शुद्वीकरणकर्ताले मुख्यतया घरजग्गा कारोबार, व्यापार, व्यवसाय, संस्थागत क्षेत्र आदिमा लगानी गर्ने जस्ता क्रियाकलापहरु गर्ने गर्दछन्।यसरी यी चरणहरुको माध्ययमबाट कसुरबाट आर्जन गरेको सम्पत्तिको वैधानिकिकरण (legitimisation) गर्ने गरिन्छ।

२७. सम्पत्ति शुद्वीकरणको अपराधले राष्ट्रिय अर्थतन्त्रलाई कमजोर बनाउनुका साथै अन्तराष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक असर पार्दछ। सम्पत्ति शुद्वीकरणले पारदर्शिता घटाउने,

आर्थिक स्थायित्व कमजोर पार्ने, विदेशी विनिमेय दर अस्थिर बनाउने, अपचलन बढाउने, बजारमा अस्थिरता ल्याउने, विदेशी तथा स्वदेशी लगानी विकर्षण गर्ने, व्यापार घाटा बढाउने, नियमन, निरीक्षण, सुपरिवेक्षणलाई कमजोर पारी अन्त्यमा अपराध र अपराधीलाई नै शक्तिशाली बनाउने गर्दछ। त्यसैले आजको विश्वमा सम्पत्ति शुद्धीकरणलाई निवारण गर्नका लागि अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय पहलहरु भइरहेका देखिन्छन। यसै सम्बन्धमा सम्पत्ति शुद्धीकरणको निवारणको पहलको लागि संयुक्त राष्ट्र सघंले लागु औषध तथा मनोद्दीपक पदार्थको अवैधानिक ओसारपसार विरुद्दको महासन्धि, १९८८ (United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances, 1988) निर्माण गरिएको पाइन्छ। उक्त महासन्धिको धारा ३ को उपधारा १ को (ख) को (अ) मा *कुनै सम्पत्ति कसुरबाट आर्जित सम्पत्ति हो भन्ने जानीजानी सो सम्पत्तिको गैरकानुनी श्रोत लुकाउने वा छल्ने वा त्यस्ता कसुरमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले त्यस्तो सम्पत्तिको रुपान्तरण वा हस्तान्तरण गर्ने कार्यलाई सम्पत्ति शुद्धीकरण भनिन्छ*[२] भन्ने व्यवस्था गरेको पाइन्छ। यसका साथै नेपाल संयुक्त राष्ट्र सङ्घको आतङ्कवादमा वित्तीय लगानी दमन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९९, संयुक्त राष्ट्र सङ्घको बहुदेशीय सङ्गठित अपराध विरुद्धको महासन्धि, २०००, संयुक्त राष्ट्र सङ्घको भ्रष्टाचार विरुद्धको महासन्धि, २००३, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको आतङ्कवाद दमन विरुद्धको महासन्धि, १९८७ र सो को आतङ्कवादमा वित्तीय लगानी दमन सम्बन्धी प्रोटोकल, २००४, बिमस्टेकको अन्तर्राष्ट्रिय आतङ्कवाद, बहुराष्ट्रिय संगठित अपराध तथा लागू औषधको गैरकानुनी ओसारपसार सम्बन्धी महासन्धि, २००९ जस्ता महासन्धिहरुको पक्षराष्ट्र भएको देखिन्छ।

२८. सम्पत्ति शुद्धीकरण कसुरको गाम्भिरयता र यसले अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पार्ने नकरात्मक प्रभावलाई मध्यनजर गरेर United Nations Office on Drugs and Crime (UNODC) ले एउटा Model Money Laundering of Proceeds of Crime and Terrorist Financing Bill, 2003 निर्माण गरी सबै राष्ट्रहरुलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुन बनाउन सहयोग गर्ने प्रयास गरेको देखिन्छ। सम्पत्ति शुद्धीकरणको सन्दर्भमा अन्तराष्ट्रिय सहकार्य गर्नका निम्ति सन् १९८९ मा G7 राष्ट्रहरुको पहलमा अन्तर-सरकारी संस्थाको रुपमा

[२] The conversion or transfer of property, knowing that such property is derived from any offences, for the purpose of concealing or disguising the illicit origin of the property or of assisting any person who is involved in such offences to evade the legal consequences of his actions.

फाइनान्सियल एक्सन टास्क फोर्स (FATF) गठन गरेको पाइन्छ। सम्पत्ति शुद्धीकरणको निवारणका निम्ति यस संस्थाले ४० वटा अन्तर्राष्ट्रिय मान्यता (Recommendations) मार्फत सदस्य राष्ट्रहरुको सम्पत्ति शुद्धीकरण निवारण गर्न बनेको कानुनी व्यवस्थाको मुल्याङ्कन गरी सुदृद गर्न प्राविधिक सहायता प्रदान गर्ने गरेको पाइन्छ। नेपाल सन् २००२ देखि उक्त संस्थाको क्षेत्रीय संजाल एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ्ग (APG) को सदस्य रहि। आएको पाइन्छ। उक्त FATF ले निर्देश गरेको मान्यता अनुरुप सम्पत्ति शुद्धीकरण सम्बन्धि कानुनी व्यवस्था सुदृद नगरेको अवस्थामा FATF ले सम्बन्धित राष्ट्रहरुलाई Greylist र Blacklist समेत गर्न सक्ने देखिन्छ। सन् २००८-२०१४ सम्म नेपाल FATF को Greylist मा सुचिकृत भएको दृष्टान्त समेत पाइन्छ। यसरी FATF को Greylist मा पर्ने मुलुकहरुको अन्तर्राष्ट्रिय व्यापार, वैदेशिक लगानी जस्ता क्षेत्रहरुमा प्रत्यक्ष असर परी समग्र अर्थतन्त्रमा नै नकरात्मक प्रभाव पर्न सक्ने देखिन्छ।

२९. अब नेपालमा सम्पत्ति शुद्धीकरण सम्बन्धी के-कस्ता कानुनी व्यवस्था रहेका छन भन्ने सन्दर्भमा हेर्दा, अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिको शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने सम्पत्ति शुद्दिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्य रहेको भनी उक्त ऐनको प्रस्तावनामा उल्लेख गरेको पाइन्छ। कसुरबाट आर्जित सम्पत्तिको गैरकानुनी श्रोत (illicit origin) लुकाई सही सद्दे सम्पत्तिमा रुपान्तरण वा हस्तान्तरण गरी भोगचलन गर्ने कार्यमा रोक लगाउनु उक्त ऐन ल्याउनु पछाडीको विधायीकी मनसाय देखिन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) मा *कुनै व्यक्तिले (क) सम्पत्तिको गैरकानुनी श्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रुपान्तरण वा हस्तान्तरण गर्ने, (ख) कसुरदाबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सहि प्रकृति, श्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेन्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, (ग) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने* कार्यहरु गर्नु वा गराउनु हुँदैन भनी उल्लेख गरेको पाइन्छ। ऐ. दफाको उपदफा (२) मा *कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कार्यको षडयन्त्र,*

मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागीता जनाउन वा मतियार हुन हुँदैन भनी उल्लेख गरेको पाइन्छ। ऐ. दफाको उपदफा (३) *मा कसैले उपदफा (१) र (२) मा उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर हुनेछ* भनी उल्लेख गरेको पाइन्छ। माथि उल्लिखित कानुनी व्यवस्था गरिनु पछाडि विधायिकाको मनसाय देशमा आर्थिक सुरक्षा र स्थायित्व कायम गर्नु, अन्य अपराधहरु जस्तै मानव तस्करी, आतंकवादमा लगानी जस्ता कसुरहरुको नियन्त्रण गर्नु, अपराधको संजालहरुको विनाश गर्नु, अन्तराष्ट्रिय समुदायमा विश्वसनीयता कायम गर्न अन्तराष्ट्रिय मानकहरुको पालना गर्ने, कानुनी र पारदर्शी आर्थिक गतिविधिहरुको विकास गरी देशमा वैदेशिक लगानी आकर्षित गर्नु आदि रहेको देखिन्छ। मुलतः श्रोत नखुलेको, गैरबैंकिङ पद्वतिबाट मुख्य कसुदार आफैं वा नजिकका कुनै व्यक्ति मार्फत ऐनले निषेध गरेको कार्यलाई निषेध र सजाय गर्नको लागि नै सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐनको निर्माण गरिएको देखिन्छ। नेपालको सम्पत्ति शुद्धीकरण निवारण ऐनले पनि United Nations Convention against Illict Traffic in Narcotic Drugs and Psychotrophic Substances, 1988 ले गरेको परिभाषालाई नै सम्पत्ति शुद्धीकरणको कसुर भनी परिभाषित गरेको पाइन्छ। सम्पत्ति शुद्धीकरण हुनका लागि सम्पत्ति शुद्धीकरणकर्ताले सम्बद्ध कसुर गरेको हुनुपर्ने बिषयलाई नेपालको ऐनले पनि अंगीकार गरेको पाइन्छ। यधपी सोही ऐनको दफा २९ मा सम्बद्ध कसुरमा मुद्दा नचलाइ पनि सम्पत्ति शुद्धीकरणको कसुर मा मुद्दाको अभियोजन गर्न सकिने अपवादको अवस्थालाई नेपालमा कसुरजन्य कार्यको रुपमा उल्लेख गरेको देखिन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुची खण्डमा प्रचलित कानुन अन्तर्गत संगठित अपराधिक समुह र गैरकानुनी वा धुर्त्याइँपूर्वकको असुलीमा सहभागी हुने सम्बन्धी कसुर, विध्वंसात्मक कार्य लगायत आतङ्कवाद सम्बन्धी कसुर, जुनसुकै प्रकारको मानव वेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर, बाल यौन शोषण लगायत जुनसुकै प्रकारको शोषण सम्बन्धी कसुर, लागू औषध तथा मनोद्वीपक पदार्थको गैरकानुनी ओसारपसार सम्बन्धी कसुर गरी जम्मा ३६ (छत्तीस) वटा कसुरहरुलाइ सम्बद्ध कसुर अन्तर्गत राखेको पाइन्छ।

३०. अब प्रतिवादी रविश भन्ने रविशचन्द्र पाठकको सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुरमा संलग्नता थियो वा थिएन भन्ने सन्दर्भमा विचार गर्नुपूर्व प्रस्तुत मुद्दाका प्रमुख कसुरदार साहु धिरज तिवारीलाई सम्पत्ति शुद्धीकरणको कसुरदार ठहर गरेको सन्दर्भमा विवेचना गर्नुपर्ने देखिन्छ। यसै सम्बन्धमा यसै अदालतबाट पुनरावेदक/प्रतिवादी माधवकुमार भगत र

प्रत्यर्थी/वादी अनुसन्धान अधिकृत क्षेत्र बहादुर भण्डारी समेतको प्रतिवेदनले नेपाल सरकार भएको ०७०-CR-१२४० को सम्पत्ति शुद्धीकरण मुद्दामा *अपहरण, भ्रष्टाचार, आतङ्कवाद, राजस्वको छली आदि गैरकानुनी कार्यबाट आर्जित सम्पत्ति भूमिगत रुपमा पुनः त्यस्तै गैरकानुनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरु चलिरहने हुँदा पुनः त्यो गैरकानुनी कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस, आपराधिक कार्य रोकियोस भनी निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो। सम्पत्ति शुद्धीकरण आफैंमा सम्बद्ध कसुर (Predicate offence) होइन अपितु मूल कसुरको सह उत्पादन (By Product) को रुपमा सह अपराध (Secondary Offence) हो। मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐनअन्तर्गत पर्ने।सम्पत्ति शुद्धीकरण एउटा बहु आयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो। मूल अपराध लुकिने हुनाले शुद्धीकरणको अपराध भएपछि उसले मूल अपराध गऱ्यो वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिदैंन*[३] भन्ने सिद्वान्तसमेत प्रतिपादन भइसकेको पाइन्छ। प्रस्तुत मुद्दामा धिरज तिवारीले सम्पत्ति शुद्वीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २(श) सँग सम्बन्धित अनुसुचि-१ को खण्ड भ[४] बमोजिमको सम्बद्ध कसुर गरी आर्जन गरेको सम्पत्तिको शुद्वीकरण गरेको देखिन्छ। उक्त खण्ड बमोजिमको कसुरमा अभियोजन नगरी वा कसुरदार ठहर नगरी निजले सम्पत्ति शुद्वीकरण बमोजिमको कसुर गरेको मान्न मिल्ने वा नमिल्ने भनी हेर्नुपर्ने देखिन्छ। सोही ऐनको दफा २९ मा *प्रचलित कानुन बमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति भएको देखिएमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन* भनी उल्लेख गरेको पाइन्छ। यसरी **सम्पत्ति शुद्वीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ ले सम्पत्ति शुद्वीकरणको कसुरलाई सह-अपराध भनी उल्लेख भएता पनि दफा २९ ले सम्पत्ति शुद्वीकरणको कसुरलाई स्वतन्त्र कसुर (standalone offense) रुपमा लिएको देखिन्छ। सम्बद्ध कसुरमा अभियोजन नभएतापनि सम्पत्ति शुद्वीकरणको कसुरमा कारबाही हुने गरी ऐनको दफा ३ ले गरेका व्यवस्था भन्दा फरक प्रावधान गरी**

---

[३]ने.का.प. २०७२, अंक ५, नि.नं. ९४०६।

[४]मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमेय, विनिमेय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धी कसुर।

दफा २९ बमोजिम स्वतन्त्र कसुरमा मात्रै पनि कारबाही चलाउन सक्ने गरी ऐनमा विधायिकी मनसाय व्यक्त भएको पाइन्छ। यस परिपेक्षमा कुनै प्रतिवादीलाई सम्बद्ध कसुरमा अभियोजन नचलाइएको कारणले मात्र निजलाई सम्पत्ति शुद्धीकरणको कसुरमा अभियोजन गर्न नमिल्ने भनी देखिदैंन।

३१. अब प्रतिवादी रविश भन्ने रविशचन्द्र पाठकको सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुरमा संलग्नता थियो वा थिएन भनी विचार गर्दा, मिति २०७५।११।१२ मा निजको साथबाट रकम बरामद भएको तथ्यलाई यी प्रतिवादीले मौकामा र शुरु अदालत समक्ष गरेको बयानमा स्वीकार गरेको देखिन्छ। उक्त बरामद भएको रकम निजका साहु धिरज तिवारीले लगिदिन अह्राएकोले बोकेको मात्र हुँ, के-कति रकम क-कस्लाई दिनको लागि साहुले ठिक पारेका हुन थाहा भएन भनी अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेकोमा सोही तथ्यलाई पुष्टि हुने गरी शुरु अदालत समक्ष बयान देखिन्छ। निज प्रतिवादीले केही रकम निजको कम्मरमा बाँधेको अवस्थामा रहेको, केही जुत्ता-मोजामा घुसारेको तथा केही रकम पाइन्टबाट समेत बरामद भएको बरामदी मुचुल्काबाट खुल्न आएको देखिन्छ। त्यसैगरी प्रतिवादीले उक्त बरामद गरिएको रकम निजको साहुको हो भनी जिकिर लिएतापनि निज साहुले उक्त रकम आफ्नो हो भनी सकार गर्न आएको वा निज प्रतिवादीले उपस्थित गराएको अवस्था देखिँदैन। प्रतिवादीले आफ्नो साथबाट बरामद भएको रकमको श्रोत पुष्टि गर्न नसकेको अवस्थामा सो रकम गैरकानुनी तरिकाबाट आर्जन गरी शुद्धीकरण गर्ने प्रयोजनले साथमा राखी अन्त कतै लैजाने क्रममा प्रतिवादीलाई प्रहरीले रकम सहित बरामद गरेको देखिन्छ। साहुको रकम हो भन्ने जानीजानी यी प्रतिवादीले आफ्नो साथमा अवैधरुपमा बोकि हिंडेको र उक्त रकमको बारेमा आफुलाई थाहा नभएको भनी शंकारहित तवरबाट पुष्टिसमेत गर्न नसकेको अवस्थामा यी प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) बमोजिम सम्पत्ति शुद्धीकरणको पहिलो चरणको रकम राख्ने कसुरमा संलग्नता भएको तथ्यमा विवाद देखिएन।

३२. प्रस्तुत कसुरमा संलग्न रहेका अर्का बाल बिज्याईकर्ता नितेश तिवारीले आफ्नो साथबाट बरामद भएको रकम रु.१९,००,०००।- (उन्नाइस लाख) रबिश चन्द्र पाठकले दिएका हुन भनी यी प्रतिवादीलाई पोल गरी शुरु अदालत समक्ष बयान गरेको देखिन्छ। प्रतिवादीले रकम निजको शरीरको विभिन्न भागमा लुकाई लैजादै गरेको अवस्था साधारण प्रकृतिको नभई असाधारण प्रकृतिबाट लुकाई छिपाई लैंजादै गरेको अवस्थामा बरामद

भएको भन्ने मिसल संलग्न कागजातबाट देखिन्छ। साथै, यी प्रतिवादीले साहुको आदेश बमोजिमको काम गरेको र निजले यस्तो कार्य अज्ञानतावश गरेको हो भनी मान्न मिल्ने अवस्था र परिस्थिति देखिँदैन। कसुरमा संलग्न बाल बिज्याईकर्ता नितेश तिवारीको बयानबाट समेत उक्त बरामद रकमको बारेमा यी प्रतिवादी पहिलेदेखि नै जानकार थिए भन्ने तथ्य पुष्टि हुन आउँछ। कसुरको मुख्यकर्ताको रुपमा साहु धिरज तिवारी देखाएको भएतापनि निजले गरेको कार्य कानुनतः क्षम्य हुने प्रकृतिको देखिँदैन। यी प्रतिवादीले प्रमुख कर्तालाई गैरकानुनी कार्यमा सहयोग गरेको र उक्त रकम लुकाई छिपाई ओसार पसार गरी मुख्य कसुदारलाई सहयोग गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणहरुबाट पुष्टि भएको देखिन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३०(२) ले सम्पत्ति शुद्धीकरणको कसुरमा सहयोग गर्ने मतियारसमेतलाई सजायको प्रबन्ध गरेको देखिन्छ।

३३. अब दोश्रो प्रश्न अर्थात प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकलाई विशेष अदालत, काठमाडौंले तजबीजी ३(तीन) वर्ष कैद सजाय र रु.३५,४४,०००।- (पैंतीस लाख चवालीस हजार रुपैंया) जरिवाना ठहऱ्याएको फैसला मिलेको छ वा छैन भन्ने सन्दर्भमा विचार गर्दा, विशेष अदालतले प्रतिवादी रविश भन्ने रबिश चन्द्र पाठकलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (२) बमोजिम सजाय गरेको देखिन्छ। उक्त ऐनको सोही दफाको उपदफा (१) मा ***उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्यता हेरी दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ*** भन्ने व्यवस्था उल्लेख गरेको पाइन्छ। सोही दफाको उपदफा (२) मा ***उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर मध्ये षडयन्त्र गर्ने व्यक्तिलाई उपदफा (१) बमोजिम र अन्य कसुर गर्ने व्यक्तिलाई उपदफा (१) मा उल्लिखित सजायको आधा सजाय हुनेछ*** भन्ने उल्लेख गरेको पाइन्छ। यद्यपी भारत[५], संयुक्त अधिराज्य बेलायत[६] र संयुक्त राज्य अमेरिका[७] जस्ता मुलुकको सम्पत्ति शुद्धीकरण निवारण कानुनले सम्पत्ति शुद्धीकरण प्रक्रियाका मतियार वा सहयोगीलाई

---

[५]The Prevention of Money Laundering Act, 2002. Section 3, 4

[६]Proceeds of Crime Act, 2002, Section 328, 334

[७]18 U.S. Code § 1956, § 1957.

मुख्य कसुरदार सरह नै सजायको व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दाका प्रतिवादीले गैरकानुनी रुपमा आर्जित रकमलाई लुकाउन सहयोग गरेको भन्ने मिसिल संलग्न कागजातबाट पुष्टि भएको अवस्थामा निजको संलग्नता, कसुरको प्रकृति, कसुरमा संलग्न बालबिज्याईकर्ताले प्रतिवादीको कसुरमा संलग्नता पुष्टि हुने गरी गरेको पोल बयान र प्रतिवादीसमेतको साथबाट रकम बरामद भएको अवस्थामा *सम्पत्ति शुद्धीकरणको कसुरमा बरामद रकमको वैधानिक श्रोत पुष्टि गर्ने भार प्रतिवादीमा[८] नै निहित रहेको अवस्थामा यी मतियारसमेतले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित कार्यमा मुख्य कसुरदारलाई गैरकानुनी रुपमा आर्जित रकम लुकाउने, छिपाउने, एकठाउँबाट अर्को ठाउमा स्थाननान्तरण गर्ने कार्यमा सहयोग गरी उक्त कसुर सम्पन्न गर्नका लागि मतियारको भूमिका निर्वाह गरेको अवस्थामा बरामद गरिएको रकमका सम्बन्धमा प्रमाणको भार स्वयम आफैंले पुर्याउनुपर्ने देखिन्छ।*

३४. यी प्रतिवादीको साथबाट रकम बरामद भएको देखिएको, रकम बरामद भएको तथ्यलाई निजले मौकामा र शुरु अदालत समक्ष गरेको बयानमा स्वीकार गरेको देखिएको, सो रकमको बारेमा निजलाई केही थाहा थिएन भन्ने जिकिर वस्तुनिष्ठ कागज प्रमाणहरुबाट पुष्टि हुन नसकेको लगायतका आधार कारणहरुबाट यी प्रतिवादीले मुख्य कसुरदारलाई गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिको श्रोत लुकाउन सहयोग गरी मतियारको भूमिका निर्वाह गरेको देखिँदा यी प्रतिवादीले बरामद रकम आफ्नो नभई साहुको आदेश बमोजिम आफुले जिम्मेवारी निर्वाह गरेको, रकम के-कस्तो श्रोतबाट सृजित भएको र के-कहाँ लगेर विनियोजन गर्ने भन्ने व्यहोरा आफुलाई स्पष्ट जानकारी नभएको भन्ने जिकिर लिएतापनि कानुनबाट निषेधित र नियन्त्रित कार्य गरी कसुरजन्य कार्य गर्नेलाई कानुनले छुट नदिने, कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने फौजदारी न्यायशास्त्रको सर्वमान्य सिद्धान्तसमेतको आलोकबाट विशेष अदालत काठमाडौंले यी पुनरावेदक प्रतिवादी रबिश चन्द्र पाठकलाई सम्पत्ति शुद्धीकरणको कसुरमा मतियारको भूमिका निर्वाह गरेको भनि मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय ठहर गरेको फैसला न्याय, कानुन र प्रमाण मुल्याङ्कनको रोहमा अन्यथा देखिएन। अभियोग मागदाबीबाट पूर्ण रुपमा सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

---

[८]सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, दफा २८

३५. तसर्थः माथि उल्लिखित आधार, कारण, कानुनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको रोहमा विशेष अदालत काठमाडौंबाट मिति २०७७।१२।१७ मा यी प्रतिवादी रबिश चन्द्र पाठकलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (२) बमोजिम यी प्रतिवादीको साथबाट बरामद भएको UP 32 JT 8244 नम्बरको विदेशी नम्बर प्लेट भएको मोटरसाइकल जफत हुने, बरामद गरिएको रकम रु.३५,४४,०००।- (पैंतीस लाख चवालीस हजार रुपैंया) जफत हुने र यी प्रतिवादीलाई बिगो बमोजिम रु.३५,४४,०००।- (पैंतीस लाख चवालीस हजार रुपैंया) जरिवाना र १(एक) वर्ष ६(छ) महिना कैद सजाय गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। फैसलाको प्रतिलिपि सहित फैसला भएको जानकारी थुनामा रहेका प्रतिवादी र महान्यायाधिवक्ताको कार्यालयलाई दिनू। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको प्रति यस अदालतको सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(बालकृष्ण ढकाल)
न्यायाधीश

इजलास अधिकृतः सुस्मिता भट्टराई
अनुसन्धान सहयोगी : दिपेश अर्याल
कम्प्युटर अपरेटरः रामशरण तिमल्सिना
इति सम्वत २०८० साल फाल्गुन २ गते रोज ४ शुभम्.....।